# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**स्थानीय तहका विभिन्न सेवा, समूहका अप्राविधिक/प्राविधिक तर्फका पाँचौं तहका पदहरूको**

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ४८/०७८-७९ प्रकाशन मितिः२०७८/८/१३**

**कार्यक्षमताको मूल्याङ्कनद्वारा** हुने बढुवाबाट पूर्ति गर्नुपर्ने अप्राविधिक/प्राविधिक तर्फका पाँचौ तहका देहायका पदहरूका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (२) बमोजिम बमोजिम न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति मिति २०७८/९/१८ सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय, बागमती प्रदेश, हेटौंडामा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरूलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गरिनेछ।

**<u>उम्मेदवारले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः</u>**

१. निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम योग्यता पुगेको हुनुपर्नेछ र दफा २२ बमोजिम बढुवाको लागि अयोग्य भएको हुनुहुँदैन ।

२. निजामती सेवा ऐन, २०४९ को दफा २४ अनुसारका बढुवाका आधार वापतको अङ्क गणना गरी बढुवाको सिफारिस हुनेछ। ऐनको दफा २४क अनुसार कार्य सम्पादनको मूल्याङ्कन, दफा २४ख अनुसार जेष्ठताको मूल्याङ्कन, दफा २४ग अनुसार भौगोलिक क्षेत्रको अङ्क र दफा २४ घ अनुसारको शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन हुनेछ।

३. निजामती सेवा नियमावली, २०५० को नियम ७६, नियम ८८ बमोजिम उम्मेदवार हुनेको हकमा सो नियममा उल्लेख भएबमोजिम योग्यता पूरा भएको हुनुपर्नेछ।

४. निजामती सेवा ऐन, २०४९ को दफा २४ को उपदफा ३ बमोजिम सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन वापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवा दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

५. पहिलेको सेवा अवधिको गणना सम्बन्धमा नि.से.नि. २०५० को नियम १२३ बमोजिम हुनेछ । तर सो को लागि सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ।

६. दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको कर्मचारी सङ्केत नम्बर अनिवार्य रुपमा भर्नुपर्नेछ।

७. समकक्षता निर्धारण गुर्नपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

८. दरखास्त फाराममा उल्लेखित सबै विवरणहरू स्पष्ट रुपले खुलाउनु पर्नेछ।

९. दरखास्त दस्तुर रु. ७००। - (सात सय) बुझाउनु पर्नेछ।

१०. दरखास्त दस्तुर बुझाउने स्थान : राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैंक लिमिटेड, खाता नं. २७२०२००००१००१००००१
कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)
राजश्व शीर्षक नं. १४२२४

११. बागमती प्रदेश अन्तर्गतका स्थानीय तहहरूमा कार्यरत एक तह मुनिका स्थायी कर्मचारीहरू बढुवाका हुन सक्नेछन् ।

१२. दरखास्त बुझाउने अन्तिम मिति २०७८/०९/०४ गतेसम्म बागमती प्रदेशका स्थानीय तहहरूबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।

**<u>कार्यक्षमताको मूल्याङ्कनद्वाराबाट हुने बढुवा</u>**

| सि.नं. | बढुवा सूचना नं. | पद | सेवा | समूह | उपसमूह | जम्मा माग पद संख्या | स्थानीय तहको नाम | माग पद |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६/०७८-७९ | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | | ६ | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | ललितपुर महानगरपालिका, ललितपुर | १ |
| | | | | | | | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | मेलुङ गाउँपालिका, दोलखा | १ |
| | | | | | | | विदुर नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | हेटौंडा उपमहानगरपालिका, मकवानपुर | १ |
| २ | ७/०७८-७९ | कम्प्युटर अपरेटर | विविध | | | १ | हेटौंडा उपमहानगरपालिका, मकवानपुर | १ |
| ३ | ८/०७८-७९ | सब इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | | २ | विदुर नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | हेटौंडा उपमहानगरपालिका, | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मकवानपुर | |